जीटूजीमा रासायनिक मल उपलब्ध गराउन भारत सहमत

काठमाडौं, ७ बैशाख । नेपाललाई आगामी पाँच वर्षसम्म जीटूजी (सरकार-सरकार) मोडलमा रासायनिक मल उपलब्ध गराउन भारत सहमत भएको छ। नेपालले दुई देशबीच जीटूजीमा मल खरिदका लागि गरेको प्रस्तावमा भारतले सहमति जनाएको कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले जनाएको छ।

भारतले पठाएको जीटूजी मल खरिदको सहमतिको पत्र सोमबार आफ्नो हातमा परेको मन्त्रालयका सचिव डा. योगेन्द्रकुमार कार्कीले बताए। 'इतिहासमै पहिलो पटक नेपालका लागि पाँच वर्षसम्म रासायनिक मल उपलब्ध गराउन भारत तयार भएको छ। यो नेपालका लागि ठूलो उपलब्धि हो,' सचिव कार्कीले भने।

भारतको सहमतिअनुसार नेपालले प्रतिवर्ष दुई लाख मेट्रिकटन रासायनिक मल भारतबाट खरिद सुनिश्चितता हुने सचिव कार्कीको भनाइ छ। त्यसमा करिब ७० हजार मेट्रिकटन डीएपी र एक लाख ३० हजार मेट्रिकटन हाराहारी युरिया हुने मन्त्रालयले जनाएको छ।

सहमति प्राप्त भए लगत्तै मल खरिदका लागि भारतसँग एमओयूको तयारी थलिएको मन्त्रालयले जनाएको छ। दुई देश बीचको एमओयूपछि नेपालको तर्फबाट कृषि सामग्री कम्पनी लिमिटेड र समान स्तरको भारतीय सरकारी निकायबीच सम्झौता गरिने सचिव कार्कीले बताए। भारतबाट खरिद गरिने मल ग्लोबल टेण्डरबाट खरिद गरिने भन्दा सस्तो, गुणस्तीय र नेपालले मागेको समयमा उपलब्ध हुनेगरी सहमति भएको उनले बताए। 'नेपालमा मल कारखाना नखुल्दासम्म भारतले नेपाललाई अब सहज ढंगले मल दिने सुनिश्चितता भएको छ,' सचिव कार्कीले भने, 'अब किसानले मल अभावमा दुःख पाउनु पर्दैन।'

नेपालले यसअघि २०१३ मा निश्चित परिमाणमा मात्रै मल भारतबाट जीटूजीमा खरिद गरेको थियो। त्यसयता जीटूजीका लागि नेपालले पटक पटक पहल गरे पनि भारतले सहमति दिएको थिएन।

घिमिरेलाई मरणोपरान्त सम्मान

बुटवल, ७ बैशाख। बुटवल उद्योग बाणिज्य संघ रूपन्देही अन्तरगत गठित हार्डवेयर बस्तुगत समितिले समितिका पूर्व अध्यक्ष स्व. दिनेश घिमिरेलाई मरणोपरान्त सम्मान गरेको छ। हार्डवेयर व्यवसायको बिकास प्रवर्द्धन तथा संस्थागत बिकासमा योगदान पुऱ्याएको भन्दै स्वर्गीय घिमिरेलाई सम्मान गरिएको हो।

हार्डवेयर बस्तुगत समितिले नयाँ वर्षको अवसरमा सोमबार साँझ आयोजना गरेको शुभकामना आदान प्रदान, क्यालेण्डर विमोचन तथा सम्मान कार्यक्रममा स्वर्गीय घिमिरेकी धर्मपत्नी सीता घिमिरे (मरासिनी) लाई सम्मान पत्र सहित दोसल्ला ओढाएर सम्मान गरेको हो। उनलाई बुटवल उद्योग बाणिज्य संघका अध्यक्ष उज्ज्वलप्रसाद कसजूले सम्मान गरे।

तत्कालिन हार्डवेयर बस्तुगत समितिका सभापति समेत रहेका बुटवल कालिकानगर निवासी घिमिरेको गत पुस १४ गते हृदयघातका कारण निधन भएको थियो। त्यसै अवसरमा उक्त बस्तुगत समितिले बुटवल उद्योग बाणिज्य संघमा नवनिर्वाचित कार्यसमिति र हार्डवेयर बस्तुगत समितिको नवगठित कार्यसमितिलाई समेत सम्मान गरिएको थियो। कार्यक्रममा बुटवल उद्योग बाणिज्य संघका अध्यक्ष उज्ज्वलप्रसाद कसजूले व्यबसायिक समस्या समाधानको लागि संघले पहल र पैरवी गर्दै आएको जानकारी गराउँदै पछिल्लो समयमा बुटवलको मुख्यराजमार्गमा सर्भिसलेन फराकिलो गराउन पहल गर्दै आएको र राजमार्गका भत्काईएका घरको बहाल कर छुट गर्न र ती घरमा भएका व्यबसायको व्यबसाय कर छुटको लागि पहल गरिरहेको जानकारी दिए।

उनले संघलाई फण्ड संकलन गर्नको लागि बस्तुगत समितिलाई लक्षित गरेर एक सभापति एक मेलाको अवधारणा अगाडि सारेको बताउँदै यो अभियानमा सबैको साथ र सहयोग प्राप्त हुने समेत बिश्वास व्यक्त गर्नुभयो। हार्डवेयर बस्तुगत समितिका सभापति अनिलप्रसाद गुप्ता बुटवल उद्योग बाणिज्य संघका सल्लाहकार पूर्व अध्यक्ष निर्मलप्रसाद लाकौल, संघका कार्यसमिति सदस्य तथा हार्डवेयर बस्तुगत समितिका सभापति दीपक चापागाई, समितिका उपसभापति राजन पाण्डे, सचिव धर्मेन्द्र कसौधन लगायतले शुभकामना मन्तव्य व्यक्त गरे।

सिटिजन्स बैंक पन्ध्रौं वर्षमा

बुटवल, ७ बैशाख। नेपालीहरूलाई वित्तीय सेवा सुविधा प्रदान गर्ने उद्देश्यका साथ मिति २०६४ बैशाख ७ गतेदेखि २० औं वाणिज्य बैंकको रूपमा स्थापना भएको सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले चौध वर्ष पूरा गरी पन्ध्रौं वर्षमा प्रवेश गरेको छ।

५६ करोड रूपैयाँ चुक्ता पूँजीबाट स्थापना भएको यस बैंकको हालको चुक्ता पूँजी ११ अर्ब ६६ करोड रूपैयाँ पुगेको छ। बैंकले यस अवधिमा नेपाल हाउजिङ एण्ड मर्चेन्ट फाइनान्स, पिपुल्स फाइनान्स, प्रिमियर फाइनान्स, सहयोगी विकास बैंक रतिनाउ मिसन डेभलपमेण्ट बैंकलाई प्राप्तिगरेको छ। त्यसैगरी पछिल्लो समयमा सृजना फाइनान्सलाई पनि प्राप्ति गर्ने प्रारम्भिक सम्झौता गरिसकेको छ।

बैंक स्थापना भएको वर्ष समाप्तीमा १ अर्ब ५५ करोड रूपैयाँ निक्षेप संकलन गरी २ अर्ब ४ करोड रूपैयाँ कर्जा लगानी गरेकोमा आर्थिक वर्ष २०७७/७८ को चैत्रमसान्तसम्म आईपुग्दा बैंकको कुल निक्षेप करिव १ खर्ब २९ अर्ब रूपैयाँ रहेको छ भने करिव १ खर्ब १४ अर्बरूपैयाँ कर्जा प्रवाह गरेको छ।

पछिल्लो एक दशकको अवधिमा बैंकको नाफामा समेत उच्च दरमा वृद्धि भएको छ। बैंकको नाफा पछिल्ला ५ वर्ष निरन्तर १ अर्ब भन्दा माथि रहँदै आएको छ। गत आर्थिक वर्षमा मात्र एक अर्ब १९ करोड रूपैयाँ खुद नाफा गरेको बैंकले चालु आर्थिक वर्षको तेम्रो त्रैमाससम्ममा करिव १ अर्ब ५४ करोड रूपैयाँ नाफा गरेको छ।

स्थापनाको पहिलो वर्ष ९ वटा शाखाहरूबाट सेवा प्रदान गर्दै आएकोमा हाल यस बैंकलेसातै प्रदेशमा फैलिएका आफ्ना १६७ वटा शाखाहरूबाट करिव १० लाख ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरू प्रदान गर्दै आएको छ। बैंकले चालु आर्थिक वर्षको तेम्रो त्रैयमाससम्ममा थप ७४ वटा शाखाहरू विस्तार गरिसकेको छ। बैंकिंग सेवा लिन जिल्ला सदरमुकाम वा शहर बजारमै पुग्नु पर्ने बाध्यात्मक परिस्थितिको अन्त्य गर्न बैंकले स्थापना कालदेखिनै पहल कदमी गरिसकेको थियो। २०६८ सालमा हुम्लाको सिमिकोट र २०७१ सालमा डोल्पामा शाखाखोलिनु यसका केहि उदाहरणहरू हुन।वित्तीय पहुँच तथा समावेशिता वृद्धि र औपचारिक अर्थतन्त्रको प्रवर्धन तथा संघीयतालाई दह्रो र सहज बनाउन सरकारले अवलम्बन गरेको सबै नेपालीको बैंक खाता भन्ने नीतिलाई आत्मसाथ गर्दै यस बैंकले नेपालको दुर्गम क्षेत्रमा पनि शाखाहरू विस्तार गर्दै आएको छ।

स्थापना कालदेखिनै कर्मचारीलाई उच्च प्राथमिकतामा राखेर कार्यसम्पादन गर्दै आएको यस बैंकको थालनि हुँदा ४४ जना कर्मचारी रहेकोमा हाल यस बैंकसँग १ हजार ६ सय जना कर्मचारी आबद्ध छन्। यसै सिलसिलामा बैंकमा निरन्तर दुई कार्यकाल पुरा गरी सञ्चालक समितिमा योगदान पुऱ्याउनु भएका सञ्चालकज्यू तथा बैंकमा निरन्तर १० वर्ष कार्यरत पदाधिकारी एवं कर्मचारीलाई दीर्घ सेवा सम्मान पदक' वितरण गरिएको छ। भित्र सिस्टम र बाहिर इमेज को नारालाई अंगिकार गरेको यस बैंकमा आउने सेवाग्राहीलाई पहिला नमस्तेका साथ अभिनन्दन गर्दै सेवा प्रवाह गर्ने प्रचलन रहेको छ सूचना प्रविधिमा आएको आमुल परिवर्तन र भूमण्डलीकरणको बढ्दो आकर्षणले संसारलाई साँघुरो बनाउदै गर्दा सूचना प्रविधिको विकाशक्रमलाई आत्मसाथ गर्दै बैंकले १११ वटा स्थानबाट एटिएम सेवा प्रदान गर्दै आएको छ।

यस चौध वर्षको अवधिमा ३४४,१८३ ग्राहकमहानुभावहरूले मोबाईल बैंकिङ्ग सेवाको उपयोग गर्दै हुनुहुन्छ। सिटिजन्स बैंकको ई बैंकिङ्गको प्रयोगकर्ता २३,६६० पुगेको छ भने सिटिजन्स डेबिट तथा क्रेडिट कार्डधारकको सङ्ख्या १७९,७४० रहेको छ। बैंकका डेबिट, क्रेडिट / प्रिभिलेज कार्डवाहक महानूभावहरूले विभिन्न प्रकारको सेवा सुबिधा लिंदा विशेष छुटको प्रबन्ध मिलाइएको छ जसका निम्ति बैंकले हालसम्म १३७ वटा विभिन्न क्षेत्रका सेवा प्रदायकहरू सँग विशेष छुट दिने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गरेको छ।

अग्नी पीडितलाई राहात वितरण

लमही, ७ बैशाख। सोमवार साँझ आगलागी भएका गढवा ६ मनिकापुरका अग्नी पीडितहरूलाई मंगलबार नेपाल कम्युनिष्ट पार्टी (एमाले) गढवा गाउँपालिका संगठन कमिटीले राहात सहयोग गरेको छ।

पार्टीका जिल्ला सदस्य एवं गढवाका अध्यक्ष बाबुराम अधिकारी, जिल्ला सदस्यहरू मधा न्यौपाने, खिमबहादुर बुढामगर, मोहन बुढा, मक्बुल अलिमिया, युवासंघ नेपालका सन्दिप अधिकारी, नसिम अहमद र रमेश बाँठा लगायतको टोलीले पिढीतको घरमा पुगी १३ हजार राहात प्रदान गरेको हो।

पार्टीले बुधवार २२ हजार बराबरका लत्ता कपडा प्रदान गर्ने तयारी गरेको जिल्ला सदस्य खिमबहादुर बुढामगरले जानकारी दिनुभयो।

सोमवार गढवा ६ मनिकापुरमा आगलागि हुदा २ घर र २ गोठ जलेर पुर्ण क्षति भएका थिए। स्थानीय शोभाराम घर्तिमगर, हेमबहादुर घर्तिमगर, खिमबहादुर घर्तिमगर र कमल घर्तिमगरको घर तथा गोठमा आगलागि भएको थियो।

आगलागी भएपछि तत्काल इलाका प्रहरी, गढवा गाउँपालिकाको दमकल र स्थानीय बासीन्दाहरूद्वारा आगो नियन्त्रणमा लिइएको थियो। आगलागीबाट उनिहरूको घरमा रहेको खाद्यान्न, लत्ता कपडा, फर्निचर, गरगहना र नगद सहित ९ लाख बराबरको क्षति भएको इलाका प्रहरी कार्यालय गढवाले जनाएको छ।

यसैगरि एक हप्ता अघाडी राजपुर गाँउपालिका ५ मा वनवाट आएको ढडेलो गाँउमा पस्दा ५ घर जलेर नष्ट भएका थिए। देउखुरीमा प्रत्येक वर्ष आगलागिका घटनाहरू अत्याधिक मात्र हुने गर्दछन्।

देउराली लघुवित्त आरम्भ चौतारीमा गाभिने

बुटवल, ७ बैशाख। बुटवल स्थित देउराली लघुवित्त वित्तिय संस्था लिमिटेड मर्जरमा जाने भएको छ। संस्थाकाको प्रथम बार्षिक साधारण सभाले मर्जमा जाने प्रस्ताव पारित गरेको हो।

बुटवलमा भएको साधारणले काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिकामा केन्द्रीय कार्यालय रहेको आरम्भ चौतारी लघुवित्त वित्तिय संस्था लिमिटेडसँग मर्जर/प्राप्तिमा जाने बिशेष प्रस्ताव पारित गरेको छ। संस्थाका अध्यक्ष बिनोद ज्ञवालीले आर्थिक बर्ष २०७६/०७७ को बार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए।

कार्यक्रममा संस्थाका सञ्चालक तथा संयुक्त मर्जर सदस्य दामोदर खनालवित्तिय संस्थाका प्रमुख कार्यकारी अधिकृत तथा कम्पनि सचिब शिव प्रसाद ज्ञवाली लगायतले मर्जरमा जाँदा अझै धेरै गुणस्तरीय सेवा दिन सकिने बताए। बुटवलमा केन्द्रीय कार्यालय रहेको प्रदेश स्तरीय देउराली लघु वित्त वित्तीय सस्थाको १२ वटा शाखा रहेका छन्।

झिनो अंकले बढ्यो नेप्से परिसूचक

काठमाडौं, ७ बैशाख । मंगलबार सेयर कारोबार मापन गर्ने नेप्से परिसूचक झिनो अंकले वृद्धि भएको छ। दिनभर तीव्र उतारचढाव देखिए पनि कारोबार बन्द हुँदा भने ०.१० प्रतिशत अर्थात २ दशमलव ६८ अंकले मात्रै नेप्से परिसूचक बढेको छ।

उता 'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पनि स्थिर नै देखिएको छ। प्रतिशतमा हेर्दा सेन्सेटिभमा ०.१० प्रतिशतको गिरावट देखिएको छ।

नेप्से परिसूचकसँगै कारोबार रकममा समेत गिरावट आएको छ। सोमबार पौने ७ अर्ब रूपैयाँको सेयर कारोबार भएकोमा मंगलबार भने ५ अर्ब ५२ करोड रूपैयाँ हाराहारीमा मात्रै कारोबार भएको छ।

केहरसिंह प्यासीको मधेशमा मैना

काठमाडौं, ७ बैशाख। गायक केहरसिंह प्यासीको स्वरमा समावेश 'मधेशमा मैना' बोलको गीतको भिडियो सार्वजनिक गरिएको छ।

भिडियोमा अहिलेका चर्चित अभिनेता तथा मोडल पल शाह र अन्जली अधिकारीको अभिनय देख्न सकिन्छ।

गीतका सम्पुर्ण दृश्यको छायांकन ललितपुर क्षेत्रमा छायांकन गरिएको हो।

यो गीतमा पछिल्लो समयकी चर्चित गायीका समिक्षा अधिकारीको समेत स्वर सुन्न सकिन्छ। दर्जनौ गीतमा स्वर दिइसकेकी समिक्षासँग पछिल्लो समयका लोकप्रिय गायक केहर सिंहको आवाज रहेको गीतले छोटो समयमै धेरैको ध्यान तान्न सफल भएको छ।

यो गीत रविन लामिछानेले लेखेका हुन्। स्यामस्वेत रसाइलीले एरेन्ज गरेको गीतको लय र म्युजिक भने ऋषि खड्काले तयार पारेका हुन्। सार्वजनिक गीतलाई छोटो समयमै धेरैले मन पराएका छन्। मौसम हिमालीको निर्देशनमा तयार भएको गीत झण्डै १० मिनेटको बनेको छ। गीतलाई विकाश ज्ञवालीले सम्पादन गरेका हुन्।

ट्वाइलेट सफा गराउनु परेमा
सेफ्टी ट्याङ्की, रिङ्ग भरिएर वा सिठनाली जाम भएर समस्या छ? तपाइको समस्या ५ मिनेट मै समाधान गर्न शक्तिशाली भ्याकुमपम्पद्वारा स्तरीय सेवाका लागि हामीलाई सम्झनुहोस ।
सम्पर्क: गगन सेनेटरी
बुटवल-८, सुख्खानगर,
फोन: ९८६७०२१६१४, ९८१५४४७६४८, ९८०४४१३२८७

खिमलाल थापा मगर हाम्रो प्रतिबद्धता, पानीमा शुद्धता
प्रवन्ध निर्देशक
१० घण्टासम्म बिसो रहिरहने शुद्ध पानी
९८५७०२६६८२
९८४७१८२११७
HillTon Aqua
All Mineral Water
मो. ९८६४४५०५८१, ९८५११५१२१७, ९८६४४५०५८३
हिल्टन आक्वा इण्डष्ट्रिज प्रा.लि.
बुटवल-११, देवीनगर
नोट: विवाह पार्टी भोज तथा अन्य शुभअवसरमा पानी जारबाट वा ट्याँकरबाट चाहिएमा हामीलाई सम्झनुहोला । साथै होम डेलिभरीको पनि व्यवस्था छ ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
मुकाम: बुटवल, नेपाल

सूचना! सूचना!! सूचना!!!!

प्रथम पटक प्रकासित मिति: २०७८/०१/०८

यस मन्त्रालयको आ. व. २०७७/७८ को कार्यक्रम अनुसार Ornamental Plants खरिद सम्बन्धी सूचना प्रथम पटक मिति २०७८/०१/०८ मा प्रकाशन गरिएको छ । सोको विस्तृत विवरण मन्त्रालयको website: www.moitfe.lumbini.gov.np मा हेर्नुहुन अनुरोध गरिन्छ ।

भूमिकास्थान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नुवाकोट, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

सिलवन्दी दरभाउपत्र आह्वान

प्रथम पटक प्रकाशित मिति २०७८/०१/०८

भुमिकास्थान नगरपालिका, नगर कार्यपालिका, अर्घाखाँची अन्तर्गत तपसिल बमोजिमका विभिन्न निर्माण कार्यसिलवन्दी दरभाउपत्र द्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरूबाट निम्न शर्तहरूको अधिनमा रही रीतपूर्वकको सिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ।

१. सिलबन्दी बोलपत्र/दरभाउपत्र सम्बन्धी कागजात तालिकामा उल्लेखित मितिसम्म आ.व.२०७७/०७८ सम्म मान्य भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण पत्र, व्यवसाय दर्ताको इजाजत र मू.अ. करमा दर्ता भएको प्रमाणपत्र तथा आ.व. २०७६/०७७ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न राखी इच्छुक बोलपत्र/दरभाउपत्रदाताले लिखित निवेदन दिई तपसिलमा उल्लेखित रकम यस कार्यालयको नुवाकोट स्थित सेञ्चुरी वैक हि.नं.०९००००००१३ जि.ई खातामा नगद जम्मा गरेको सक्कल भौचर वा नगदी रसिद सहित यस कार्यालयबाट कार्यालय समय भित्र खरिद गर्न सकिने छ।
२. खरिद भएको दरभाउपत्र फारामहरूमा उल्लेख भएका भर्नुपर्ने सबै विवरणहरू प्रष्टसँग लेखि तालिकामा उल्लेखित मिति र समयसम्म यस कार्यालयमा दर्ता गराउनु पर्नेछ। दर्ता भएका बोलपत्र/दरभाउपत्रहरू उपस्थित बोलपत्र/दरभाउपत्रदाता एवं प्रतिनिधिहरूको रोहवरमा यसै कार्यालयमा निम्नानुसारको मिति र समयमा खोलिनेछ।
३. सिलबन्दी बोलपत्र/दरभाउपत्र फाराम साथ तपसिलमा उल्लेखित जमानत धरौटी वापतको रकम यस कार्यालयको नुवाकोट स्थित सेञ्चुरी वैक हि.नं.०९००००००००४ जि.इ खातामा नगद जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको विडवण्ड बोलपत्र/दरभाउपत्र निम्नानुसारको म्याद भएको बैंक ग्यारेन्टी (बिडबण्ड) को सक्कल प्रति पेश गर्नुपर्नेछ।
४. सिलबन्दी बोलपत्र/दरभाउपत्र खरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा विदापछि कार्यालय खुलेको दिन हुनेछ।
५. यसमा उल्लेखित सर्तहरू यसै बमोजिम र उल्लेख नभएका शर्तहरू प्रचलित कानून बमोजिम हुनेछ।
६. अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र९८५७०६९९८१/९८५७०६९९८७/९८५७०६९९९० मा सम्पर्क गर्नवा दजगफ्षबकतजबलकगलष्अष्उबष्तिथरकबषीअफमा पठाउन सकिनेछ।
७. कामको विवरण बोलपत्र/दरभाउपत्र खरिद दस्तुर, लागत रकम, विडवण्ड रकम, मान्य अवधि, खरिद र दाखिला गर्ने अन्तिम मितिको विवरण निम्न अनुसार छ।

तपसिल

ठेक्का नं.	ठेक्काको नाम	दरभाउपत्र दस्तुर रु.	लागत रकम (मु.अ.कर सहित)	विडबण्ड रकम रु.	विडबण्ड मान्य अवधि	खरिद अन्तिम मिति र समय	दाखिला गर्ने मिति र समय	खोल्ने मिति र समय
70/BMA/W/RM/ 2077/078	बुढिचौर पुत्के डढुवा पाकु लक्ष्मीडाडा भिमरुक मोटरबाटो स्तरोन्नति	१०००	१४,८५,५६९.४५	३७५००	७५ दिन	२०७८/०१/२२ कार्यालय समय भित्र	२०७८/०१/२३ १२:०० बजे भित्र	२०७८/०१/२३ दिउँसो १:००बजे
71/BMA/W/RM/ 2077/078	पिपलनेटा गिठाखोला छेडापोखरी पर्ताखोला सडक स्तरोन्नति	१०००	९,२६,१६५.५२	२३५००				
72/BMA/W/RM/ 2077/078	चौतारा रातामाटा चौर लेवसे राइखन्ने मालारानी सडक निर्माण योजना	१०००	१५३३४३०.८८	३८५००				
73/BMA/W/RM/ 2077/078	उदयठाटी चौतारा पौवा साभीआंपकारुख लम्ची सडक स्तरोन्नति	१०००	१४,८७५८७.५९	३७५००				
74/BMA/W/RM/ 2077/078	बरानेटा पान्डाडा घोराखोरी सल्लेनधारा भिमरुक सडक स्तरोन्नति	१०००	८,६३,७००.००	२२०००				
75/BMA/W/RM/ 2077/078	धारापानी कल्लेरी फलामखिल्ली लम्ची असुरकोट सडक स्तरोन्नति	१०००	७,६७,७९०.९३	२००००				